**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**रू. १.५ मा**

**कलर भिजिटिङ कार्ड**
**साथै**
**तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १० गते बुधबार ❑ 23 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## विपद् न्यूनीकरणमा एकजुट हुन मुख्यमन्त्री पाण्डेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक विपद् न्यूनीकरण, खोज, उपचार र राहतलगायतका काममा सरोकारवाला सबै एकजुट हुन आग्रह गर्नुभएको छ।

सशस्त्र प्रहरी बलले आज पोखरा महानगरपालिका–३१ स्थित बेगनास तालमा गरेको विपद् प्रतिकार्य नमूना अभ्यासको अवलोकनपछि उहाँले गण्डकी प्रदेश प्राकृतिक रूपमा जति सुन्दर छ त्यति नै विपद्का दृष्टिले जोखिमयुक्त रहेको बताउनुभयो।



"तालैतालको सहर पोखरामा जलउत्पन्न प्रकोपका घटना बढी हुने भएकाले यसतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ", उहाँले भन्नुभयो, "फेवातालमा जस्तै उद्धार टावर बेगनास तालमा पनि निर्माण गर्न प्रदेश सरकारले काम अगाडि बढाएको छ।" सशस्त्र प्रहरी बलको पोखरास्थित मुक्तिनाथ बाहिनीको संयोजन र कालिका गणको आयोजना भएको उक्त विपद् प्रतिकार्य नमूना अभ्यासले जलउत्पन्न प्रकोप न्यूनीकरणमा थप सहयोग पुऱ्याउने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

विपद्का घटना न्यूनीकरण गर्न गण्डकी प्रदेश सरकारले सबै सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा विपद् नमूना अभ्यास, तालिम, प्रतिकार्य र सामग्री हस्तान्तरणका कार्यक्रम सञ्चालनमा सहकार्य गर्दै आएको उहाँको भनाइ थियो। मुख्यमन्त्री पाण्डेले पानीजन्य विपद्को जोखिम न्यूनीकरण गर्न प्रदेश सरकारले सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गोताखोर तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो।

उहाँले स्थानीय समुदायलाई पनि विपद्को समयमा गर्नुपर्ने कार्यहरू तथा अपनाउनुपर्ने संयमताका बारेमा जानकारी गराउनुपर्ने उल्लेख गर्नुभयो। "सक्रिय तयारी, सुदृढ समन्वय र स्थानीय तहसम्म उद्धार क्षमताको विकासले विपद्बाट हुने ठूलो क्षति न्यूनीकरण गर्न सकिन्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो। उहाँले प्रदेशस्तरमा रु १० करोड नघट्ने गरी र जिल्लास्तरमा रु १० लाख नघट्ने गरी विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको जानकारी दिनुभयो।

## कक्षा १२ को परीक्षा सऱ्यो, वैशाख २१ गतेदेखि सञ्चालन हुने

**रासस**
काठमाडौं, ९ बैशाख

यही वैशाख ११ गतेदेखि सञ्चालनको तयारी गरेको कक्षा १२ को परीक्षा १० दिन पछाडि सरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सुझावअनुसार राष्ट्रिय परीक्षा बोर्डले आज साँझ बैठक बसेर कक्षा १२ को परीक्षा ११ गतेदेखि सारेर वैशाख २१ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको छ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले कक्षा १२ को परीक्षा वैशाख ११ गतेदेखि सारेर २१ गतेदेखि सञ्चालन गर्ने निर्णय गरेको जानकारी दिनुभयो। सोमबार बिहान बोर्डको बैठक बसेर निजामति कर्मचारी परिचालन गरेर भए पनि आउँदो बिहीबार ११ गतेदेखि नै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। यद्यपि निजामती कर्मचारीले पनि परीक्षामा सहयोग नगर्ने र शिक्षकबिना परीक्षा सञ्चालन गर्ने निर्णय विवादमा आएपछि बोर्डका पदाधिकारीले दिनभर शिक्षा मन्त्रालय र सरकारका विभिन्न निकायका प्रतिनिधिसँग छलफल गरेका थिए। आजै साँझ बोर्डका अध्यक्ष शर्मासहितको टोली प्रधानमन्त्री केपी ओलीसँग बालुवाटार पुगेर छलफल गरेपछि प्रधानमन्त्रीले केही दिन परीक्षा सार्न निर्देशन दिनुभएको र सोही निर्देशनअनुसार बोर्डको बैठक बसेर परीक्षा सारेर वैशाख २१ गतेदेखि परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो। यसअघि बिहानको बोर्ड बैठकले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लामा रहेको जिल्ला परीक्षा समन्वय समितिलाई सम्पूर्ण जिम्मा दिएर कर्मचारी परिचालन गरी परीक्षा गर्ने निर्णय गरेको थियो। चैत २० गतेदेखि आफ्ना विभिन्न माग राखेर शिक्षक महासङ्घले काठमाडौँ केन्द्रित आन्दोलन जारी राख्दै शैक्षिक हडताल गरेपछि कक्षा १२ को परीक्षा प्रभावित बन्न पुगेको हो।

यस वर्ष कक्षा १२ को परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुनेछन्। परीक्षाका लागि जापान एक परीक्षा केन्द्रसहित एक हजार ५९१ परीक्षा केन्द्र गरिएको छ। परीक्षाका लागि त्यति नै सङ्ख्यामा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष तथा विद्यार्थी सङ्ख्याको आधारमा करिब दुई हजार कर्मचारी, प्रत्येक परीक्षा केन्द्रमा कम्तीमा एकजना कार्यालय सहयोगी र २० हजार सुरक्षाकर्मी परिचालन गर्ने तयारी बोर्डले गरेको थियो।

## मुक्तिनाथ मन्दिरमा करिब ४८ लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

हिन्दू तथा बौद्ध धर्मावलम्बीको धार्मिक साझा तीर्थस्थल मुक्तिनाथ मन्दिरमा रु ४७ लाख ९० हजार ९५२ चन्दाभेटी सङ्कलन भएको छ।

चालु आर्थिक वर्ष २०८१/०८२ मा चारपटक मुक्तिनाथमा पाँचवटा भेटी सङ्कलन बाकस राखिएका मुक्तिनाथ विकास समितिले जनाएको छ।

समितिका सदस्य सचिव एवं मालपोत कार्यालयका प्रमुख सूर्यप्रसाद अर्यालका अनुसार चालु आवमा यहाँको भेटी चार पटकसम्म गणना गरिएको छ। मङ्सिर ११, चैत १४, चैत १८ र वैशाख ८ गते मुक्तिनाथमा राखिएको भेटी गणना गरिएको हो। यसैगरी मुक्तिनाथ विकास समितिको नाममा भक्तजनले रसिद काटेर नगद दान गरेको रकम गत वर्षको असारमा करिब रु ८६ लाख र चालु आवमा करिब रु ५० लाख समिति कोषमा जम्मा भएको मुक्तिनाथ विकास समितिका चन्दा सङ्कलक रविन सुवेदीले जानकारी दिनुभयो। मन्दिरमा जम्मा हुने भेटी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा विमानस्थल नचलाउने षड्यन्त्र नहोस् भन्ने पोखरा उद्योग वाणिज्य संघको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

पोखरा उद्योग वाणिज्य संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा अनियमितता भए छानबिन गर्नुपर्ने तर त्यही बहानामा अन्तर्राष्ट्रिय उडान रोक्ने प्रपञ्च नहोस् भन्ने माग गरेको छ।

संघका महासचिव शोभा गौतमबाट मंगलबार जारी विज्ञप्तिमा भनिएको छ,' निर्माणको क्रममा अनियमितता भएको छ भने त्यसको छानबिन र दोषीमाथि हदैसम्मको कारवाही होस्।

अन्याय, बेथिति, दुरुपयोग घोटालाका विरुद्ध हामी साथ सहयोग गर्न तयार छौं। तर, विभिन्न बहानामा पोखराको बदनाम गर्ने, निर्माण भएर भर्खर अन्तर्राष्ट्रिय उडान हुँदै गरेको विमानस्थल संचालनमा रोकावट तथा अवरोध हुने गरी कोही कसैबाट अवान्छित गतिविधि क्रियाकलाप चाहिँ नहोस् भन्ने हाम्रो जोडदार माग रहेको छ।'

विज्ञप्तिमार्फत् संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा भाँजो नहाल्न सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै त्यस्ता गतिविधिको सशक्त प्रतिवाद गर्ने उद्घोष पनि गरेको छ। संघीय संसदको सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमितिको प्रतिवेदनमा एयरपोर्ट निर्माणको क्रममा भ्रष्टाचार भएको किटान गरिएपछि पोउवा संघले यस्तो प्रतिक्रिया जनाएको हो। संघकै अगुवाइ, निरन्तरको पैरवी र लामो रिले अनसनपछि विमानस्थल निर्माण भएको स्मरण गर्दै विज्ञप्तिमा भनिएको छ,' संघको 'भगिरथ प्रयास' को जगमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएको भन्नेमा कुनै द्विविधा छैन। विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताका निम्ति हामीले पटक-पटक नागरिक उड्डयन प्राधिकरण, प्रधानमन्त्रीदेखि मन्त्रीलगायत सबै सम्बन्धित निकायहरूमा ध्यानाकर्षण गराएका छौं। नियमित अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताका निम्ति हाल चीनको सिचुवान प्रान्तको छिन्दुमा भइरहेको चार्टर उडानका निम्ति पनि मिति २०८१चैत्र १९ गतेको दोश्रो उडानमा संघले पहलकदमी गरेको छ।' विज्ञप्तिमा विमानस्थल निर्माणकै बेला रोक्न भाँजो हालिएको जिकिर गर्दै अगाडि भनिएको छ,' ती घटनाहलाई हामीले संघीय राजधानी काठमाडौंको केन्द्रीकृत मानशिकताको उपज भएको ठहर गरेका थियौं। अहिले पनि त्यस्ता मानशिकता बोक्ने मान्छेहरु क्रियाशिल छन् र उनीहरु अधिकार प्रत्यायोजन एवं अर्को क्षेत्रको विकास चाहँदैनन् कि भन्ने हामीलाई महसुस भएको छ।'

## विषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस्।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस्।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस्।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस्।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोवारलाई प्राथमिकता दिनुहोस्।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस्।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस्।
- पत्रिकृत नभएका र प्रतिवन्धित विषादीवारे जानकारी राखुहोस् र त्यस्ता विषादी आयात तथा विक्री वितरण नगर्नुहोस।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**

## सुपथ मूल्यमा आकर्षक छपाइ



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।**

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

 का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८० 

# सांकेतिक भाषा तालिम समावेशी समाज निर्माणतर्फको महत्वपूर्ण कदमः मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले सांकेतिक भाषा तालिम समावेशी समाज निर्माणतर्फको महत्वपूर्ण कदम भएको बताएका छन् ।

मन्त्रालयको समन्वयमा राष्ट्रिय बहिरा महासंघ नेपाल, गण्डकी प्रदेशद्वारा आयोजित तीन महिने आवासीय दोभाषे तालिम (सांकेतिक भाषा संचार) कार्यक्रमको उद्घाटन गर्दै उनले सांकेतिक भाषा बहिरा समुदायको जीवनसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण संचारको माध्यम भएको उल्लेख गरे ।

"सांकेतिक भाषा केवल संचारको माध्यम होइन, यो बहिरा समुदायको पहिचान, अधिकार र अभिव्यक्तिको आधार हो",उनले भने, "यसले उनीहरूको सामाजिक सहभागिता सुनिश्चित गर्न र समावेशी समाज निर्माण गर्न सहयोग पुऱ्याउँछ ।"



मन्त्री थापाले यस्तो किसिमको तालिमले दोभाषेहरू र बहिरा समुदायबीचको आपसी समझदारी, आत्मीयता र समन्वयलाई मजबुत बनाउने विश्वास व्यक्त गरे ।

"हामी केवल नीति र योजना निर्माणमै सीमित रहनुहुन्न, व्यवहारमा समेत पहुँच र समान अवसरको प्रत्याभूति गराउने प्रतिबद्धतासाथ अगाडि बढिरहेका छौँ", मन्त्री थापाले जोड दिए । अपाङ्गताका क्षेत्रमा काम गरेका संघसंस्थाहरुको लागि कार्यक्रम संचालन गर्न प्रदेश सरकारले एक करोड विनियोजन गरेको र सोहि अनुरुप विभिन्न १० प्रकारका अपाङ्गता सम्बन्धि संघसंस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थापन मिलाइएको मन्त्री थापाको भनाई छ । उनले प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याउन लागेको जानकारी गराए । अपाङ्गमैत्री कानून निर्माणका लागि मन्त्रालय प्रतिबद्ध रहेको भनाई उनको छ ।

गण्डकी प्रदेशकी सांसद सुनीता थापा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको समन्वयमा आयोजना गरिएको दोभाषे तालिम फलदायी हुनेमा आशावादी छिन् । राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशको अध्यक्ष समेत रहेकी उनले संघलाई प्रभावकारी बनाउन आफु लागि पर्ने प्रतिबद्धता व्यक्त गरिन् । अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चितताका लागि सदनबाट आवाज बुलन्द बनाउँदै लैजाने कुरामा दृढ रहेको भनाई उनको छ । पोखरा महानगरपालिका वडा नं. ८ का अध्यक्ष रुद्रनाथ बरालले तालिम प्रभावकारी भएको उल्लेख गरे । कार्यक्रममा विभिन्न जिल्लाबाट आएका प्रशिक्षार्थी, संघीय र प्रदेश तहका सरोकारवाला निकायका प्रतिनिधिहरू, बहिरा संघ/संस्थाका सदस्यहरूको उपस्थिति रहेको थियो। प्रशिक्षार्थीहरूलाईसांकेतिकभाषा, बहिरा समुदायको सामाजिक-मनोसामाजिक आवश्यकता, समावेशी संचार, मानव अधिकार र सहजीकरणका विविध पक्षहरूमा व्यावहारिक ज्ञान र सीप प्रदान गरिने आयोजक संस्थाले जनाएको छ ।

# प्रदेश अस्पतालको शैया क्षमता सात सय पुऱ्याउन मन्त्रिपरिषद्को सैद्धान्तिक सहमति

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

गण्डकी प्रदेश सरकार मातहतका सबै अस्पताल स्तरोन्नति गर्ने स्वास्थ्य मन्त्रालयको प्रस्तावलाई प्रदेश मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति प्रदान गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गरेको उक्त निर्णयले हाल अस्पतालहरूमा रहेका स्वीकृत शय्या तीन सय ९५ लाई विस्तार गरी सात सय शय्या पुर्‍याउन बाटो खुलेको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयले अस्पताल स्तरोन्नतिबारे मन्त्रिस्तरीय निर्णय गरी गत महिना आर्थिक मामिला र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा निर्णायार्थ पठाएको थियो । प्रदेशवासीलाई सर्वसुलभ र गुणस्तरीय सेवा प्रवाहका लागि अस्पतालहरूको स्तरोन्नति जरूरी देखिएको मन्त्री पाठकले बताउनुभयो । उहाँका अनुसार प्रदेश अस्पताल मुस्ताङ र मनाङलाई १५ शय्याबाट २५ शय्यामा स्तरोन्नति गर्न लागिएको हो । पर्वत, स्याङ्जा र तनहुँको दमौली अस्पताललाई १५ बाट ५० शय्यामा स्तरोन्नति गरिने जनाउँदै उहाँले कास्कीस्थित २५ शय्या क्षमताको मातृशिशु मितेरी अस्पताललाई ५० शय्यामा पुर्‍याउने स्वास्थ्य मन्त्रालयको योजना रहेको उल्लेख गर्नुभयो ।

बागलुङस्थित धवलागिरि प्रादेशिक अस्पताललाई ५० बाट एक सय शय्यामा र नवलपुरको मध्यविन्दु प्रादेशिक अस्पताललाई १५ बाट एक सय शय्यामा स्तरवृद्धि गरिने भएको हो । आगामी आर्थिक वर्षदेखि धवलागिरि र मध्यविन्दु प्रादेशिक अस्पतालमा प्राविधिक शिक्षा पढाउने मन्त्रालयको योजना छ । प्रदेश अस्पताल गोरखा, लमजुङ र म्याग्दी यसअघि नै ५० शय्यामा सञ्चालित छन् ।

प्रदेश सरकारले चालु आवमा गोरखाको आँपपीपल र बागलुङको बुर्तिबाङ अस्पताललाई आफूमातहत लिई सञ्चालन गरिरहेको छ । दुवै अस्पताललाई ५० शय्यामा स्तरवृद्धि गरी नयाँ व्यवस्थापनका साथ सञ्चालन गरिएको छ ।

यसै वर्ष कास्कीस्थित गण्डकी आयुर्वेद अस्पताल र बागलुङको धौलागिरि आयुर्वेद अस्पताललाई पनि अन्तरङ्ग सेवासहित २५ शयुयाको सुविधायुक्त आयुर्वेद अस्पतालका रूपमा स्तरवृद्धि गरिएको थियो । स्वास्थ्यमन्त्री पाठकले स्तरोन्नतिको निर्णयपछि अस्पतालहरूमा मानव संशाधन, पूर्वाधार र उपकरणको प्रबन्ध व्यवस्थित रूपमा हुने बताउनुभयो । मन्त्रालयका अनुसार अस्पतालहरूमा पाँच सय ६४ जनाको स्थायी दरबन्दी रहेकामा एक सय ८७ को पदपूर्ति हुन बाँकी छ । आठ सय बढी करार जनशक्तिसहित हाल एक हजार १३३ जना प्रदेश मातहतका अस्पतालमा कार्यरत रहेका मन्त्रालय जनाएको छ । अस्पताल स्तरोन्नति हुँदा पदपूर्ति हुन बाँकीसहित कुल एक हजार २४४ को दरबन्दी व्यवस्थापन गर्नुपर्ने मन्त्री पाठकले बताउनुभयो ।

# पोखराको कोटीहोम महायज्ञमा ११ हजार कलश शोभा यात्रा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

पोखरा महानगरपालिका-१७ स्थित सदाशिवजी सिद्धेश्वर हरिहर मन्दिर परिसरमा आयोजना हुने श्री गण्डकी शतकुण्डीय गायत्री कोटीहोम विराट ज्ञान महायज्ञको तयारीलाई तिव्र पारिएको छ ।

मानवसेवा फाउण्डेशनको आयोजना वैशाख १७ देखि औपचारिक रुपमा उद्घाटन हुने ऐतिहासिक महायज्ञ अन्तर्गतका विभिन्न प्रवचन एवम धार्मिक कार्यक्रमहरु भने जारी रहेका छन् । महायज्ञ जेठ २६ गतेसम्म चल्नेछ । महायज्ञलाई भव्य रुपमा सम्पन्न गर्नका लागि बैशाख १६ गते ऐतिहासिक विशाल कलश यात्रा गरिने कोटिहोम महायज्ञका संकल्पकर्ता वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तीजीले जानकारी दिए । कलश यात्रा पोखराको शान्तिघाटबाट शुरु भई नयाँ बजार, पृथ्वीचोक, सिर्जना चोक, राष्ट्रबैक चोक, हुदै कार्यक्रम स्थलमा पुग्ने छ । उक्त कलश यात्रामा ११ हजार कलश रहने छन् । उक्त कलश यात्रामा देशभरबाट सहभागिता जनाउन सकिने छ। कलश यात्रामा प्रयाग गरिएका कलश महायज्ञ सकिएपछि प्रति कलश १ हजार ३ र दुई वटा कलश २ हजार पाँच सयमा घरमा लैजान सकिने व्यवस्था मिलाईएको मानव सेवा फाउण्डेशन नेपालका व्यवस्थापक विष्णु थापाले जानकारी दिए । शोभा कलश यात्रामा समूह, भेषभुषा, अनुशाशन व्यानर लगायतमा आउने समूहलाई पुरस्कारको व्यवस्था समेत गरिएको मुल समारोह समितिका महासचिव



गिरीराज अधिकारीले जानकारी दिए । कलश यात्रामा जगद्गुरु, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिकाबाट विशेष शास्त्रीय प्रवचन हुनभएको छ । महायज्ञको मुख्य दिन बैशाख १७ देखी जेठ २६ गतेसम्म सयौं गुरुहरूद्वारा नियमित हवन तथा अनेकौं पुण्यमय कर्महरू गरिने आयोजकले जनाएको छ ।

उक्त कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त कलाकारहरूबाट भजन, झाँकी, देवलीला, नृत्यआदि प्रस्तुति हुनेछन् । कार्यक्रम अवधिभर देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियन्ता तथा राजनीतिक दलका नेताहरूको आगमन हुने जनाईएको छ । त्यसैगरी महायज्ञको प्रचार प्रसारका लागि बैशाख ११ गते साइकल ऱ्याली राखिएको छ । साईकल ऱ्याली विरौटा कार्यक्रम स्थलबाट शुरुभई विरौटा चोक, ड्याम साइड, लेकसाइड, हल्लन चोक, जिरो किमि, मालेपाटन, विन्ध्यवासिनी, भैरव टोल, नाला मुख, तेम्रापट्टी, महेन्द्र पुल, न्यूरोडक, पृथ्वीचोक, नागढुंगा, पुरानो एयरपोर्ट, मुस्ताङ चोक, पार्दी हुदै पुन विरौटामा गएर समापन हुने छ । यस्तै बैशाख १२ गते ट्र्याक्सी ऱ्याली गरिने भएको छ । उक्त ऱ्याली, विरौटा चोक हुदै ड्याम साइड, राष्ट्रबैक चोक, लेकसाइड, हल्लन चोक, जिरो किमी, मालेपाटन, हरिचोक बगर पिएन क्याम्पस, नदिपुर, महेन्द्रपुल, रानीपौवा, सितलदेवि, कुडहर, मियापाटन, १३२ किमि चोक, अमरसिंह चोक, विरेन्द्र चोक, राम बजार, बुद्धचोक, पृथ्वीचोक, नागढुंगा, मुस्ताङ चोक, विरौटा चोक हुदै कार्यक्रम स्थलमा गएर समापन हुने छ । यसैगरी बैशाख १३ गते हुने मटरसाईकल ऱ्याली पनि ट्र्याक्सी ऱ्यालीको रुट अनुसार नै हुने आयोजनकले जनाएको छ ।

वैशाख १४ गते फेवातालमा डुंगा ऱ्याली हुने छ । उक्त ऱ्याली स्वीमिङ पुल घाटबाट शुरु भइ बाराही मन्दिर परिक्रमा गरेर बाराही घाटमा आएर समापन हुने छ । बैशाख १५ गते विहान पोखरामा बृहत बृहत् पैदल यात्रा हुने भएको छ । महायज्ञमा एकसय वटा हवनकुण्ड रहनेछन् । पोखराको कोटिहोममा करिब ५० जिल्लाबाट स्वयम्सेवकहरु सहभागी भएको फाउन्डेसनले जनाएको छ । कोटीहोम अवधिभर श्रीमद् भागवत कथा, राम कथा, शिवमहापुराण कथा, हनुमत कथा, श्रीमददेवी भागवत कथा जस्ता दिव्य कथावाचन गरिनेछ । यसका अतिरिक्त, विवाह, ब्रतबन्ध, चौरासी पूजा, तुलादान, प्रत्येक नेपालीको नाममा कोटी दीप प्रज्वलनलगायतका कार्यक्रमहरु राखिएको छ । कोटिहोममा ४१ दिनसम्म निरन्तर हवन हुने भएकाले श्रद्धालुहरूलाई घ्यू, तील, तेल, देवदारु, श्रीखण्ड लगायतका सामग्री लिएर उपस्थित हुन फाउण्डेशनले अनुरोध गरेको छ । राष्ट्र शान्ति, विश्व कल्याण, धार्मिक पर्यटन प्रवर्धन, तथा असहाय बालबालिका र ज्येष्ठ नागरिकहरूको संरक्षणार्थ महायज्ञमा आयोजना गरिएको हो ।

महायज्ञमा अन्तराष्ट्रिय कथा बाचिक देवी प्रतिभाले कथा वाचन गरेकी छन् । देवी प्रतिभाले बैशाख १८ गते सम्म कथा वाचन गर्ने कार्यक्रम रहेको महायज्ञ सह निर्देशक युवक लामिछानेले जानकारी दिए । उक्त कथा वाचनमा मंगलबार प्रमुख अतिथिको रहेका पोखरा महानगरपालिका वार्ड नं. ७ का वडा अध्यक्ष राम मोहन आचार्यले पोखरा महानगरपालिका वडा नं. १७ बिरौटामा सञ्चालन भइरहेको महायज्ञको दर्शन नगर्ने व्यक्ति पोखरेली हुन नसक्ने बताएका छन् । महानगरपालिकाले घोषणा गरेको पोखरा भ्रमण वर्ष लाई सफल बनाउनको लागि पनि यस कोटिहोम महायज्ञ जस्तो महत्वपूर्ण माध्यम अरु हुन नसक्ने बताए । पछिल्लो समय भक्तजन, दानविरदाताहरुको पनि उपस्थित बाक्लिदै छ ।

# गुप्तेश्वर गुफामा वाद्यवादन तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

गुप्तेश्वर गुफा व्यवस्थापन समितिको आयोजना एवम् वालन तथा कला संस्कृतिक प्रतिष्ठान नेपालको संयोजनमा आयोजित एक महिने वाद्यवादन तालिम मंगलबार सम्पन्न भएको छ ।

गित संगितलाई सुमधुर र मनोरञ्जनयुक्त तुल्याउन वाद्यवादन सामाग्री बजाउन सिप प्रदान गर्ने लक्ष्यका साथ सञ्चालित तालिममा मादल, खैजरी, मुजुरा, हार्मोनियम र वाँसुरी गरि पाँच विधामा ५२ जनाको सहभागिता रहेको थियो । पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले तालिमका सहभागिलाई प्रमाणपत्र वितरण गर्दै प्राप्त ज्ञान र सिपलाई व्यवहारमा उतार्न सके मात्र प्रशिक्षणले सफलता प्राप्न गर्ने विश्वास व्यक्त गर्नुभयो । धार्मिक क्षेत्र गुफाको आम्दानीबाट गुफाको संरक्षणका साथै शैक्षिक, आध्यात्मिक, तथा यस क्षेत्रको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै उहाँले प्रचलित कानूनी रुपमा सम्पन्न यस धार्मिक क्षेत्रको आम्दानीमा कसैले पनि आँखा लगाउन नसक्ने बताउनुभयो ।

नातीदेखि हजुरआमासम्म तीन पुस्ताको सहभागि रहेको उक्त प्रशिक्षण अन्तर्गत मादलमा सविता गिरी र सोसन




सुवेदी, खैजरीमा दिपा कुमारी तिमिल्सिना, मुजुरामा रमादेवी पौडेल, हार्मोनियममा प्रशान्त जोशी र वाँसुरीमा सिख न्यौपाने सर्वोत्कृट भई पुरस्कृत भएका थिए ।

वालन तथा कला संस्कृतिक प्रतिष्ठान नेपालका कार्यवाहक अध्यक्ष नवराज बराल, लोकभजन चुडका प्रतिष्ठान गण्डकी प्रदेश अध्यक्ष वसन्त बास्तोल, जिल्ला अध्यक्ष शालिकराम गौतम, बरिष्ठ प्रशिक्षक आर्जप पौडेल र सोनाम नेपालीले सहभागिलाई प्रशिक्षण प्रदान गर्नु भएको गुफा व्यवस्थापन समितिका सदस्य एवम् कार्यक्रम संयोजक कृष्ण पोखरेलले जानकारी दिनुभयो ।

गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य विष्णुमाया थापा, गुप्तेश्वर महादेव वहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष श्रीराम सुवेदी, गुफा व्यवस्थापन समितिका सल्लाहकार हरिप्रसाद बास्तोला, गुफा व्यवस्थापन समितिका उपाध्यक्ष ईश्वरी लम्साल, सहभागि धना पौडेल(शान्ति) संस्थाका सचिव उत्तम सिग्देल लगायतले गुफाले गर्दै आएका विविध गतिविधि र वाद्यवादन तालिमको महत्व माथि प्रकाश पार्नुभएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# जै घाँस लगाउने किसानलाई प्रोत्साहन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

पोखरा महानगरपालिकाले महानगर क्षेत्रभित्र जै घाँस लगाउने किसानलाई सहयोग गर्ने भएको छ ।

यसका लागि महानगरपालिकाले रु १२ लाख ३९ हजार सहयोग गर्ने भएको छ । महानगरपालिकाले किसानलाई पशुपालनतर्फ आकर्षित गरी घाँसखेती प्रवर्द्धन गर्ने उद्देश्यका साथ चार वर्षयता जै घाँस लगाउने किसानलाई सहयोग गर्दै आएको महानगरपालिकाका पशु सेवा शाखा प्रमुख डा अशेषराज विकले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष कुल एक हजार ९४२.४ रोपनी क्षेत्रफलमा प्रतिरोपनी रु ६३८ दरले जै घाँसखेती लगाउने १७८ किसानलाई रकम गरिने भएको छ । यसअन्तर्गत बीउका लागि रु पाँच लाख ५९ हजार र खनजोतका लागि रु छ लाख ७९ हजार विनियोजन गरिएको प्रमुख डा विकले बताउनुभयो ।

# मुक्तिनाथ...

रकममध्ये भारतीय र अन्य विदेशी मुद्रा सटही र व्यवस्थापनमा समस्या पर्ने गरेको सदस्य सचिव अर्यालले जानकारी दिनुभयो । यस्तो रकम समितिको नाममा रहेको बैंकमा जम्मा गर्न अप्ठेरो भएकाले निकै ठूलो विदेशी मुद्रा जिल्ला प्रहरी कार्यालय मुस्ताङमा व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । मुक्तिनाथ विकास समितिले गत आव २०८०/०८१ मा लेखा परीक्षण गराउँदा समितिको कोषमा रु नौ करोड ११ लाख रकम मौज्दात रहेको जनाइएको छ । यहाँ अनौपचारिक रूपमा समिति गठन भएको धेरै वर्ष भए पनि औपचारिक रूपमा प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने गरी विसं २०६४ मा गठन भएको थियो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# गुणस्तरीय शिक्षा लागि शिक्षक र सरकार सक्रिय हुनुपर्ने

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै शिक्षा सबैका लागि मौलिक अधिकार हो भन्ने संवैधानिक मान्यतालाई शिरोधार्य गर्दै प्रत्येक बालबालिकालाई विद्यालयसम्म पुर्‍याउनु सरकारको कर्तव्य हो । विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा सम्बन्धी संविधान प्रदत्त मौलिक हक कार्यान्वयनको सुनिश्चतता गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । वर्तमान अवस्थामा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ७६.३ प्रतिशत, आधारभूत तहको कूल भर्नादर १२८ प्रतिशत, खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ५५.८ प्रतिशत रहेको तथ्याङ्कले शिक्षामा सुधारका सङ्केत देखिएको भएता पनि शिक्षामा सबै बालबालिकाको पहुँच, शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थी टिकाउ दर बढाउन थप प्रतिबद्धता र सहकार्यको खाँचो छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय उमेर समूहका सबै बालबालिकालाई बालविकास केन्द्र तथा विद्यालयमा भर्ना गराउन, गुणस्तरीय पाठ्यपुस्तकको समयमै वितरण सुनिश्चित गर्न र सर्वसुलभ, समावेशी, अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयनका लागि भर्ना अभियान देशभर सञ्चालन गर्ने निर्णयमासीमित छ। वैशाख १ गतेदेखि सुरु हुने यो अभियान केवल संख्यात्मक लक्ष्य प्राप्ति मात्र नभई, हरेक बालबालिकाको शिक्षाको अधिकारलाई गुणस्तरीय, समावेशी र सार्थक बनाउने साझा सङ्कल्पको प्रतीक हो । हामीले बुझ्नुपर्दछ, शिक्षा नै समाज रूपान्तरण र राष्ट्रिय समृद्धिको आधारशिला हो । सिकाइ र सीपले मात्र व्यक्तिको जीवनमा र मुलुकको विकासमा सार्थक योगदान पुर्‍याउन सकिन्छ। विज्ञान र प्रविधिको गतिशील विकाससँगै हामीले आफ्नो मौलिक रैथाने ज्ञान तथा सीपको पनि सम्मान गर्दै भावी पुस्तालाई उत्तरदायी, संवेदनशील र विवेकी नागरिक बनाउने दिशामा अग्रसर हुनुपर्दछ ।

यसै सन्दर्भमा, "अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५" अनुसार २०८५ साल वैशाख १ गतेदेखि आधार भूत शिक्षा प्राप्त नगरेको व्यक्ति कुनै पनि सार्वजनिक पद, सेवामा नियुक्त वा निर्वाचित हुन नपाउने व्यवस्थाले शिक्षाको महत्वलाई थप उजागर गरेको छ। नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह बीचको समन्वय र सहकार्यबाट समुदायस्तरमा आम अभिभावकको सहयोग र सक्रिय सहभागिताबाट मात्रै विद्यार्थी भर्ना अभियान र समग्र शिक्षा सुधारको प्रयास सफल हुनेछ। यसमा तीनै तहका सरकार, शिक्षक, कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाज, शैक्षिक क्षेत्रका विज्ञ, कलाकार, स्रष्टा र सम्पूर्ण नेपाली जनसमुदायलाई सक्रिय सहभागिता र सहकार्य आवश्यक पर्दछ ।

नयाँ शैक्षिक सत्रको महत्वपूर्ण औपचारिक अवसरमा समर्पित शिक्षकहरू, शिक्षाप्रेमी अभिभावकहरू र सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूमा उज्ज्वल भविष्यको कामना सहित हार्दिक शुभकामना । आउनुहोस्, हामी सबै मिलेर "सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने महान् लक्ष्यलाई साकार पार्न शिक्षक र सरकार सक्रिय हुन आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखरामा हाल वायु प्रदूषण गम्भीर समस्या

**सबिना कुवर**
पोखरा, ९ बैशाख

पोखरामा हाल वायु प्रदूषण गम्भीर समस्या बनेको छ, जसमा सवारी साधनबाट निस्कने धुवाँ मुख्य कारणमध्ये एक हो ।

पोखरा महानगरपालिकाले सार्वजनिक बसहरूको प्रदूषण जाँच सुरु गरेको छ । पोखरा यातायात प्रालि अन्तर्गत सञ्चालनमा रहेका ३७८ बसहरूको प्रदूषण परीक्षण गरिएको छ। मापदण्डभन्दा बाहिर रहेका सवारी साधन सञ्चालनमा रोक लगाउन सवारी साधनहरूको प्रदूषण जाँच सुरु गरिएको हो ।

यातायात व्यवस्था कार्यालयका अनुसार, परीक्षणमा अनुत्तीर्ण सवारीहरूलाई मर्मतका लागि पठाइनेछ र उत्तीर्ण भएपछि मात्र सञ्चालन अनुमति प्रदान गरिनेछ । परीक्षण मेसिनले गाडीको धुँवाको 'डेन्सिटी' हेर्ने र ३० प्रतिशतसम्म आउने उत्तीर्ण र त्योभन्दा बढी आउने अनुत्तीर्ण हुने कानूनी व्यवस्था छ। यसैबीच, पोखराको वायु गुणस्तर सूचकांक ४०० को हाराहारीमा पुगेको छ, जुन 'खतरनाक' तह मानिन्छ । पानी नपर्नु, डढेलो, खुला फोहोर जलाउने, र सवारी साधनबाट निस्कने धुवाँले वायु प्रदूषण बढेको हो। वातावरण विभागले यस्तो अवस्थामा विशेष सावधानी अपनाउन आग्रह गरेको छ, विशेष गरी बालबालिका, वृद्धवृद्धा, र श्वासप्रश्वास तथा मुटुका बिरामीहरूलाई । यस समस्याको समाधानका लागि सवारी साधनको नियमित मर्मतसम्भार, स्वच्छ इन्धनको प्रयोग, र फोहोर नजलाउनेजस्ता उपायहरू अपनाउन आवश्यक छ। पोखरा जस्तो पर्यटकीय सहरमा स्वच्छ वातावरण कायम राख्न सबैको सहयोग आवश्यक छ ।

(विद्यार्थी पत्रकार)

# ग्रामिण स्वावलम्बन सहकारीका सदस्यलाई प्रशिक्षण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ बैशाख

सहकारीहरु समस्याग्रस्त भइरहेका बेला स्याङ्जाको एक सहकारीले आफ्ना शेयर सदस्यलाई सहकारी शिक्षाका बारेमा प्रशिक्षण गरेको छ ।

अर्जुनचौपारी गाउँपालिका स्थित ग्रामिण स्वावलम्बन साना किसान कृषि सहकारी संस्थाले आफ्ना शेयर सदस्यलाई वित्तिय साक्षरता र सहकारी शिक्षा सम्वन्धी बिषयमा प्रशिक्षण गरेको हो । वित्तिय संस्था र सहकारी बिचको भिन्नता सहित सहकारीमा शेयर सदस्यले गर्नुपर्ने भुमिका बिषयमा सिकाई आदनप्रदान गरेको सहकारीले जनाएको छ । झण्डै २५ सय शेयर सदस्य रहेको सहकारीले १२ ओटा अन्तर समुह मार्फत आफ्ना शेयर सदस्यहरु बिच सहकारीको अहिलेको अवस्था, भोली हुन सक्ने अवस्था र शेयर सदस्यले गर्नुपर्ने काम कर्तव्यका बिषयमा जानकारी लिने र दिने काम गरेको संस्थाका प्रवन्धक शालिग्राम काफ्लेले बताए ।

२०८१ चैत्र १८ गतेदेखी शुरु गरेको प्रशिक्षण कार्यक्रम बैशाख ६ गते सम्पन्न गरेको छ। प्रशिक्षण अवधीभर २ हजार १ सय १० जना शेयर सदस्यको सहभागिता रहेको थियो । जसमा महिला १५ सय र पुरुष ६ सय १० जना प्रशिक्षित भएको प्रवन्धक काफ्लेले बताए ।

सहकारीले बार्षिक नीति तथा कार्यक्रम अनुसार आफ्ना शेयर सदस्यलाई प्रशिक्षण गरेको काफ्लेले बताए । कुनै बेला गाउँपालिकामा बैंक नहुँदा बैकिङ्क कारोवार समेत गरेर सेवा प्रवाह गरेको सहकारीले अहिले भने बिउँविजन, रासायनिक मल लगायतको सेवामा जुटेको छ ।

सहकारीका शेयर सदस्यलाई सामाजिक उत्तरदायीत्व अनुसार जन्मदेखी मृत्यू सम्म अनुदानका कार्यक्रम समेत संचालन गर्दै आएको छ । पशु बिमा, वाली बिमा, म्यादी जीवन बिमा शेयर सदस्यलाई प्रदान गरेको छ भने सुलभ कर्जा, साना सिंचाई, मृत्यू संस्कार, सुत्केरी स्याहार र अन्य विविध कार्यक्रम संचालन गर्दै आएको सहकारीले जनाएको छ ।

ग्रामिण क्षेत्रको पालिका भएकाले सहकारीले आफ्ना शेयर सदस्यलाई आयआर्जन र बचतमा क्रियाशिलता बनाउन भुमिका खेल्दै आएको छ। २ करोड शेयर पुँजी रहेको सहकारीले २५ करोड कर्जा लगानी गरेको छ । ६८ औं राष्ट्रिय सहकारी दिवस २०८१ मा उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत भएको थियो ।

# नेपाल भुतपूर्व खेलाडी मञ्च २५ औं स्थापना दिवस तथा वार्षिक योजना घोषणा कार्यक्रम

**विनिता/विशाल मगर**
पोखरा, ९ बैशाख

नेपाल भुतपुर्व खेलाडी २५औ स्थापना दिवस तथा रजत महोत्स वर्ष कार्यक्रम सोमबार संचालन गरिएको थियो ।

कार्यक्रममा मुख्य गरि ८२ वर्ष मा हुने खेल कार्यक्रमहरुको योजना प्रस्तुत गरिएको थियो ।

कार्यक्रम अनुसार प्रत्यक महिनामा साप्ताहिक/मासिक दौड जस्मा ८ देखि १६ बर्ष सम्मका विद्यार्थीहरु सहभागी जनाउन पाउने बताइएको छ । भाद्र २१ गते ६०+सुपर भेटेरान दौड कार्तिकमा १४ औं साधारण सभा मङ्सिरमा सवारी चालक दौड यसै गरि फागुनमा २० औं सफल मेराथुन र २०८३ बैशाख ८ गते स्मारिका विमोचन र खेलकुद पुरस्कार बितरण कार्यक्रम गर्दै रजत महोत्सब समापन गर्ने बेहोरा जानकारी गराइएको छ। यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा नगर प्रमुख धनराज आचार्य अतिथिको रुपमा भुतपुर्व खेलाडी संघका मान्य सदस्यहरुको उपस्थिती रहेको थियो।

भुतपुर्व खेलाडि मेजर लक्ष्मी प्रसादबाट रु १,११,१११ रकम प्रदान गरिएको छाकार्यक्रमका प्रमुख अतिथि धनराज आचार्य खेल युवा वर्ग लाई मात्रै नभएर ६०+लाई पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

खेलले हाम्रो शरीरलाई स्वास्थ राख्न मदत गर्छ भन्ने भनाइ राख्दै घरमा बिजुली र ग्यास को कारण हुने दुर्घटना प्रती सचेत हुन आग्रह गर्नुभएको छ । उहाले ३ वटा बाहक नियन्त्रण थप्ने र कोरियाली सहयोगमा एउटा अस्पताल निर्माण गर्ने योजना रहेको बताउनुभएको छ ।

(विद्यार्थी पत्रकार)

# स्याङ्जाका पाँच अग्रज कम्युनिष्ट नेता सम्मानित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ बैशाख



नेपाल कम्युनिष्ट पार्टी एमाले स्याङ्जाले पाँचजना अग्रज कम्युनिष्ट नेताहरुलाई सम्मान गरेको छ ।

कम्युनिष्ट पार्टीको ७६ औं स्थापना दिवसको अवसरमा एमाले स्याङ्जाले पाँचजना अग्रज कम्युनिष्ट नेताहरुलाई सम्मान गरेको हो ।

नेकपा एमाले स्याङ्जाको पार्टी कार्यालयमा आयोजना गरिएको ७६औं स्थापना दिवस कार्यक्रममा लामो समय कम्युनिष्ट पार्टीको राजनीतिमा योगदान गरेका अगुवा नेताहरुलाई सम्मान गरेको जिल्ला अध्यक्ष सुर्यप्रसाद गैह्रे (पारस) ले जानकारी दिए । कम्युनिष्ट आन्दोलन सगै देशको परिवर्तनमा अग्रणी मोर्चामा रहेर भुमिका निर्वाह गरेका चक्रबहादुर पराजुली, ध्रुव अधिकारी, रामबहादुर थापा, ढाकाराम अर्याल र इन्दिरा विश्वकर्मालाई दोसल्ला सहित प्रमाणपत्रले सम्मान गरिएको छ । सम्मानित हुने व्यक्तिहरु कम्युनिष्ट आन्दोलनका अगुवा नेताहरु हुन् । सम्मान कार्यक्रममा अर्याल बिरामी भएका कारण सहभागि हुन पाएनन् । उनीहरुलाई जिल्ला इन्चार्ज गण्डकी प्रदेशका सांसद सीता सुन्दास, नेकपा एमालेका केन्द्रीय सदस्य सिमा क्षेत्री र जिल्ला अध्यक्ष गैह्रेले सम्मान गरेका थिए । कम्युनिष्ट आन्दोलनमा जिवनभर लागेका अगुवा नेताहरु सम्मान स्याङ्जामा यो पहिलो हो । एमालेको केन्द्रीय बार्षिक कार्ययोजनामा भएपनि विगतका बर्षहरुमा यसरी अगुवा नेताहरुलाई सम्मान गरिएको थिएन । यो बर्षदेखी सम्मान कार्यक्रम शुरु गरिएको अध्यक्ष गैह्रेले बताए । ७६औं कम्युनिष्ट दिवसमा अग्रज नेताहरुलाई सम्मान गर्ने योजना अनुसार विभिन्न शिर्षक र आन्तरीक सुचकहरुका आधारमा ५ जनालाई सम्मान गर्ने योग्यता पुगेको बताइएको छ ।

कार्यक्रममा जिल्ला इन्चार्ज सीता सुन्दास, केन्द्रीय सदस्य सिमा क्षेत्री, महेन्द्र थापा मगर, नारायण मरासिनी, चक्रबहादुर पराजुली, सुर्यप्रसाद गैह्रे लगायतका बक्ताहरुले बैशाख ९ गते कम्युनिष्ट पार्टीहरुको उत्सवको दिन रहेको बताएका थिए । मुलुकको दिगो विकासका लागि कम्युनिष्ट पार्टी एउटा शक्ति रहेको बताउदै बक्ताहरुले सबै कम्युनिष्टहरु एकताको मालामा गाँसिनुपर्ने बताएका थिए ।

# पोखराका फोटोपत्रकार तथा डिजाइनर लामालाई सहारा क्लवद्धारा बिदाई

**विनिता/विशाल मगर**
पोखरा, ९ बैशाख

पोखराको सहारा क्लवले क्लवका शुभचिन्तक तथा लामो समयसम्म डिजाइनरको रुपमा काम गर्नु भएको फोटो पत्रकार ओम लामालाई बिदाई गरेको छ ।

रोजगारको शिलशिलामा वेलायत जान लाग्नु भएका पोखरा नयाँबजार निवासी लामालाई क्लवले मंगलबार खादा तथा फुल मालाले बिदाई गर्दै वेलायतको बसाई सफलताको कामना समेत गरेको छ ।

सहारा क्लव र आहा रारा पोखरा गोल्ड कपको विगत दुई दशक देखि डिजाइन सम्बन्धि काम गर्दै आउनु भएको लामालाई विदेश यात्राको सफलताको कामना सहित क्लवले धन्यवाद समेत दिएको छ । क्लवका अध्यक्ष केशवराज बराल, पुर्व अध्यक्षहरु बिक्रम थकाली, विरभद्र आचार्य, केशव बहादुर थापा, बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङ लगायतले खाला तथा माला लगाउदै लामालाई बिदाई गर्नु भएको हो ।

क्लवका अध्यक्ष बरालले विश्वका जुनसुकै मुलुकमा गए पनि पहिला आफ्नो भूमि नेपाल त्यस पछि सामाजिक संघ संस्थालाई सम्झन आग्रह गर्नु भयो । पोखरामा दुई दशक भन्दा बढी समय संचारकर्मसगै डिजाइनमा समेत उत्कृष्ट कार्यसम्पादन गर्दै आउनु भएको लामाले पोखरामा पहिलो अनलाइन संचालन गरेको जनाउनु भयो । आफु जहाँ भए पनि नेपाल र सहारा क्लवलाई नभूल्ने बताउनुभयो ।

उहाँ फोटो पत्रकार संघ कास्कीका पूर्व अध्यक्ष हुनुहुन्छ भने पोखरा क्षेत्रको पहिलो अनलाइन लव्लि पोखरा डटकम संचालन गर्नु भएको थियो । (विद्यार्थी पत्रकार)

# घट्दै तिब्बतीयन शरणार्थीः ४८ जनाको परिचयपत्र नवीकरण

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ बैशाख

बागलुङ्को ढोरपाटन उपत्यका क्षेत्रमा बस्दै आएका ४८ तिब्बतीयन शरणार्थीको पचिरयपत्र नविकरण गरिएको छ। जिल्ला प्रशासन कार्यालयको समूहले तिब्बतबाट आएर यहाँ बसेका शरणार्थीको गाउँमा पुगेर परिचयपत्र नविकरण गरेको हो ।

पछिल्लो समय शरणार्थी बसाइँसराइका कारण पोखरा, काठमाडौंलगायत देशका ठूला सहरमा जान थालेपछि परिचयपत्र नविकरण गर्नेको सङ्ख्यामा क्रमशः कमि आउँदै गएको जिल्ला प्रशासन कार्यालय बागलुङ्ले जनाएको छ ।

गत आवमा ५० को परिचयपत्र नविकरण भएकामा चालु आवमा ४८ जनाको नविकरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले जानकारी दिनुभयो। नेपालमा बस्ने अस्थायी परिचयपत्र वार्षिक रूपमा नविकरण गरिँदै आइएको उहाँको भनाइ छ । "उहाँहरूको बस्तीमा पुगेर नविकरण गरिन्छ, अघिल्लो वर्ष ५० जनाको नविकरण भएकामा चालु आवमा ४८ जनाको भयो । उहाँहरू विभिन्न सहरमा व्यापारका लागि जाने र नविकरणका लागि आफ्नो क्याम्प रहेको ढोरपाटने आउने गरेको पाइयो, केही बिरामी भएरसमेत नविकरणमा नआएको सुनियो", पौडेलले भन्नुभयो "उहाँहरूलाई नेपालमा बस्ने अनुमतिका लागि परिचयपत्र दिँदै आएका छौँ ।" जिल्ला प्रशासन कार्यालयका अनुसार पछिल्लो चार वर्षमा शरणार्थी परिचयपत्र नविकरण गर्नेको सङ्ख्यामा कमी आएको छ । आर्थिक वर्ष २०७८/७९ मा ५६, आव २०७९/८० मा ५३, आव २०८०/८१ मा ५० र चालु आवमा ४८ शरणार्थीले परिचयपत्र नविकरण गरेका छन् ।

ढोरपाटन-९ स्थित चारगाउँ, छेन्तुङलगायत ठाउँ तिब्बतीयन शरणार्थीको बसोबास रही आएको वडाध्यक्ष खिमबहादुर घर्तीले जानकारी दिनुभयो । अधिकांश शरणार्थी नविकरणका लागि मात्रै ढोरपाटन आउने गरेका बताउँदै उहाँले पोखरा र काठमाडौंजस्ता ठूला सहरमा व्यवसाय गर्दै आएका उल्लेख गर्नुभयो । उहाँहरूका परिवार नेपालबाट विदेशसमेत जान थालेकाले तिब्बतीयन शरणार्थी बस्ती क्रमशः खाली हुँदै गएको वडाध्यक्ष घर्तीले बताउनुभयो । ढोरपाटन छोड्दा यहाँ बनेका घर जीर्ण बन्दै गएका हुन् । खेतीपाती र पशुपालन गरेर जीविकोपार्जन गर्दै आएका शरणार्थीले अवसर खोज्दै सहर पस्न थालेपछि बस्ती रित्तो बन्दै जान थालेका उहाँको भनाइ छ । वडाध्यक्षका अनुसार अहिले तिब्बतीयन बसेको ठाउँमा केही बुढापाका मात्रै छन् ।

व्यापार व्यवसायका लागि सहरमा जाने भएकाले क्याम सुनसान भइरहेको निमा ल्याह्मोले बताउनुभयो । उहाँले पहिले धेरै शरणार्थी भएकामा अहिले व्यापार, विदेशलगायत कारणले बसाइँसराइ गर्नाले बस्ती खाली हुँदै गएको उल्लेख गर्नुभयो ।

# ओटेफको डिजिटल मार्केटिङ विषयक तीन दिने तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख




महिला पर्यटन व्यवसायी मञ्च(ओटेफ)द्वारा नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आजदेखि पोखरामा तीन दिने डिजिटल मार्केटिङ र अनलाइन बुकिङ प्रणाली विषयक तालिम सुरु गरिएको छ ।

महिला पर्यटन व्यवसायीलाई लक्षित गरी आयोजित तालिममा पर्यटन व्यवसाय र अवसरहरू, व्यवसायिक कानुनी पक्ष लगायतका विभिन्न विषयमा तालिम दिइने ओटेफका अध्यक्ष उमा रेग्मीले जानकारी दिनुभयो ।

पछिल्ला समयमा पर्यटन व्यवसायका क्षेत्रमा महिला सहभागिता बढ्दै गएको बताउँदै उहाँले पर्यटन व्यवसायमा बढ्दो प्रविधिको प्रयोग लगायतका विषयमा विभिन्न विज्ञहरूले तालिम दिनुहुने जानकारी दिनुभयो । तालिमको उद्घाटन कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरामा पर्यटकको बसाई लम्ब्याउनुपर्नेमा जोड दिनुभयो । पर्यटन क्षेत्रको बजारीकरणमा नविनतम प्रविधिको उपयोग गर्नुपर्नेमा जोड दिदै उहाँले तालिमबाट प्राप्त उपलब्धिलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो ।

पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले पोखरा विमानस्थल निर्माणका सम्बन्धमा दोषीलाई कारवाही गनुपर्ने तर यसलाई जोडेर समग्र पोखरालाई बदनाम गर्न नपाइने धारणा राख्नुभयो ।
पोखरा पर्यटन परिषद्का बरिष्ठ उपाध्यक्ष हरि भुजेल, होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी लगायतले पोखरामा पर्यटकको बसाई लम्ब्याउने किसिमका गतिविधि सञ्चालन गर्नुपर्ने बताउनुभयो । तालिममा पर्यटन व्यवसायमा संलग्न ६० जना महिला पर्यटन व्यवसायी सहभागी रहेको ओटेफका महासचिव एवम् कार्यक्रम संयोजक लक्ष्मी लामिछानेले जानकारी दिनुभयो ।

# मर्स्याङ्दी जलविद्युत्बाट प्रभावित उन्नाइस परिवालाई मुआब्जा वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ बैशाख

जिल्लाको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट प्रभावित १९ परिवारलाई मुआब्जा वितरण गरिएको छ । केन्द्रका अनुसार १४ परिवारका जग्गा र पाँच घरसहित नौ रोपनी १० आना दुई पैसा तीन दाम जग्गा अधिग्रहण गरेपछि मुआब्जा वितरण गरिएको हो ।

जग्गा अधिग्रहणका लागि रु २१ करोड ७८ लाख ८५ हजार ९६७ रकम प्रदान गरिएको केन्द्रका प्रमुख इञ्जिनियर पशुपति गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार जग्गाका लागि रु १७ करोड ८७ लाख ८६ हजार छ सय ५२ र घर टहराका लागि रु तीन करोड ९० लाख ९९ हजार ३१५ वितरण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकको निर्णयअनुसार प्रतिरोपनी रु एक करोड ८४ लाख ९२ हजार ६८० का दरले जग्गाको मुआब्जा निर्धारण गरिएको थियो ।

आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटका बासिन्दा डुबानमा परेपछि मुआब्जाका लागि आन्दोलन गर्दै आएका थिए । अहिले मुआब्जा पाएपछि प्रभावित बासिन्दा खुसी भएका छन् । केन्द्रको बाँध किनारमा रहेका स्थानीयको जग्गा स्थायी रूपले प्राप्त गर्नका लागि निर्धारण गरिएको मुआब्जा वितरण कार्य पूरा भएको केन्द्रका प्रमुख गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार ६९ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको आयोजनाको बाँधले सो क्षेत्रको बस्ती डुबान र कटानमा परेपछि जग्गा अधिग्रहण गरिएको हो । मानवीय क्षति हुने खतरा देखिएकाले त्यस ठाउँका सर्वसाधारणले मुआब्जा दिएर सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्दै आएका थिए । मुआब्जा पाउन सङ्घर्ष गर्नुपरेको भन्दै ढिलै भएपनि मुआब्जा पाएपछि प्रभावित बासिन्दा खुसी भएका आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो ।

# तरकारीखेतीबाट आत्मनिर्भर मीना

**रासस**
गोरखा, ९ बैशाख

यहाँको गोरखा नगरपालिका-७ डण्डीडाँडाकी ४३ वर्षीया मीना कोइराला प्रायः खेतबारीमै भेटिनुहुन्छ । उहाँले कोइरालाटोलमा सात रोपनी जग्गा भाडामा लिएर विगत ११ वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ ।

मौसमी तरकारीसँगै प्याजको बेर्ना बिक्री गरी वार्षिक रु एक लाख बढी आम्दानी लिने गरेको कोइराला बताउनुहुन्छ । “११ वर्षअघि पाखो बारी भाडामा लिएर तरकारीखेती सुरु गरेकी हुँ । अहिले पनि वार्षिक १० हजार भाडा तिर्छु”, उहाँले भन्नुभयो । तरकारीखेतीमा सिँचाइ अभाव र बाँदरले सताउने गरे पनि आफ्नो कर्म नछाडेको उहाँ बताउनुहुन्छ । मीनाको श्रीमान् दुबईमा वैदेशिक रोजगारीमा हुनुहुन्छ । जेठी छोरी पनि दुबईमै नर्सिङ पेसामा हुनुहुन्छ । “कान्छी छोरी काठमाडौँ डेन्टल पढ्छे । छोरो यो वर्ष कक्षा ९ मा पुग्यो”, उहाँले भन्नुभयो, “मेरो कमाइले छोरा छोरी पढाउन, घरखर्च चलाउन पुग्छ । जे होस् अहिलेसम्म अरूसँग हात फैलाउनु परेको छैन ।” यतिखेर उहाँको बारीमा अहिले ढकमक्क बन्दागोभी छ । काँक्रो, करेला र खुर्सानी गोड्ने बेला भएको छ । “बन्दापछि काँक्रो, करेलालगायत अन्य मौसमी तरकारीहरूको ‘सिजन’ सुरु हुन्छ । त्यसपछि प्याजको बीउ तयार गर्छु”, उहाँ भन्नुहुन्छ, “विषादी प्रयोग गर्दिनँ ।” उहाँका अनुसार ११ वर्षअघि गाउँमा व्यावसायिक तरकारीखेती गर्ने चलन थिएन । जब उहाँले तरकारी खेती गरेर आम्दानी लिन थाल्नुभयो, त्यसपछि अरुले उहाँकै सिको गरे । उहाँ महिलाहरूले पनि केही न केही पेसा वा व्यवसाय गरे श्रीमान्को कमाइमा निर्भर हुनु नपर्ने बताउनुहुन्छ । उहाँले हालसम्म कुनै कृषि फार्म दर्ता गरी सरकारी अनुदान लिनुभएको छैन । उहाँ भन्नुहुन्छ, “म आफूले जे जति सक्छु गर्छु । अरूले अनुदान देलान्, साथ, सहयोग गर्लान् भनेर आशा लाग्दैन ।” उहाँको तरकारी बिक्री गर्ने मुख्य बजार गोरखा सदरमुकाम हो । व्यापारीहरू तरकारी लिन मीनाको बारीमै पुग्छन् । पहिलेजस्तो बजारको समस्या नभएको उहाँको अनुभव छ । गोरखा नगरपालिका-७ का वडाअध्यक्ष विष्णुप्रसाद श्रेष्ठले कोइराला जस्ता परिश्रमी महिलालाई प्रोत्साहन गर्ने गरेको बताउनुभयो ।

# म्याग्दीको अर्मनमा ‘एक घर, एक धारा’

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ बैशाख

मङ्गला गाउँपालिका-५ (साविक अर्मन गाविस)मा पाँचवटा खानेपानी आयोजना सञ्चालन भएको छ ।

नेपाल स्वास्थ्यका लागि पानी (नेवा), कादुरी संस्था, मङ्गला गाउँपालिकाको अनुदान र उपभोक्ताको श्रमदानसहित रु दुई करोड ८४ लाख ६४ हजार १२२ को लागतमा निर्माण हुन लागेका आयोजनाबाट तीन सय ६५ घरपरिवार लाभान्वित हुनेछन् ।

मङ्गला -५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले नेवा, गाउँपालिका र उपभोक्ताको रु एक करोड ७९ लाख ६४ हजार १२२ को लागतमा निर्माण भइरहेका चार आयोजनाबाट दुई सय ७१ धारा र कादुरी संस्थाको रु एक करोड पाँच लाखको लागतमा निर्माण हुने एक योजनाबाट ९० धारामार्फत खानेपानी वितरण गरिने जानकारी दिनुभयो । “पाँचवटै योजना चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्यसहित धमाधम निर्माण भइरहेका छन्”, उहाँले भन्नुभयो, “प्रभावित क्षेत्रका सबै घरका साथै विद्यालय, स्वास्थ्य संस्था र मन्दिरमा पनि निजी धारा जडान गरेर खानेपानी वितरण हुन्छ ।” नेवामार्फत रु ४८ लाख २२ हजार ४७ को लागतमा निर्माण हुने पाखु-कुरसिम्ला खानेपानी योजनाबाट ८४ धारा, रु २९ लाख ९२ हजार ७३९ लागत रहेको दिही-कुमलेरा खानेपानी योजनाबाट ३५ धारा, रु ६४ लाख ६२ हजार ९१२ लागत रहेको सिरकुम खानेपानी योजनाबाट ९० धारा र रु ३६ लाख ८६ हजार ८७० लागत रहेको अर्मन खानेपानी योजनाबाट ६३ धारा निर्माण हुने वडाध्यक्ष खत्रीले बताउनुभयो ।

कादुरी संस्थामार्फत रु एक करोड पाँच लाखको लागतमा निर्माण हुने टिकावाङ खानेपानी योजनाबाट ९० धारा बनाइने भएको छ । नेवामार्फत कार्यान्वयन हुने योजनामा कुल लागतको ४९ प्रतिशत नेवा, २५ प्रतिशत गाउँपालिकाको अनुदान र २६ प्रतिशत उपभोक्ताको श्रमदान रहेको छ । घरघरमा खानेपानी धाराका साथै भाँडा धोएपछि सुकाउने पक्की चाङ पनि बनाइनेछ ।

करिब एक हजार घरपरिवारको बसोबास रहेको साविक अर्मन गाविसको किमचौर र नेटामा गत वर्ष कादुरीमार्फत ‘एक घर, एक धारा’सहितको खानेपानी योजना निर्माण भएको थियो । पोक, छिसवाङ, सेरा, पिपलबोट, हाडेभिर क्षेत्रमा यसअघि पश्चिम नेपाल खानेपानी तथा सरसफाइ परियोजनामार्फत खानेपानी योजना निर्माण भएको थियो ।

मङ्गला-५ पोकका बासिन्दा भरत सापकोटाले हाल सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएकामा घरमा नै निजी धारा भएपछि समयको बचत, सहज र सुविधा हुने बताउनुभयो ।

# नरेशको जन्मदिनको अवसरमा निःशुल्क परिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख



लायन्स क्लव अफ पोखरा युथ क्लवका सचिव तथा पोखरा १३ गौडाकोमुख निवासी नरेश पौडेलको जन्मदिनको अवसरमा हालै निःशुल्क थाईराइड तथा सुगर परिक्षण कार्यक्रम सम्पन्न भयो ।

एडमान्स मेडिकेयर प्रालिको आयोजनामा र प्यासिफिक डाइगोनोस्टीक प्रालिको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो ।

लायन्स क्लवका डिष्ट्रिक गर्भनर विनोद ढुङ्गनाले कार्यक्रमको उद्घाटन गर्दै परिक्षणको लागि ब्लड दिएर कार्यक्रम सुरु गरिएको थियो ।

पोखरा युथा अधस्थल प्रतनिधित्वि (सभाध्यक्ष) सहति क्लस्टर चिफ विष्णु श्रेष्ठ, डिष्ट्रिक एडभाइजर शलेन्दमोहन भट्टराई, संगम टोल विकास संस्थाका अध्यक्ष धर्मराज पौडेल, लायन्स क्लव युथ पोखराका कोषाध्यक्ष अर्जुन कार्की, सदस्यहरु क्रमश मनोज सुवेदी, स्किल पोखरेल, सौभाग्य पौडेल लगायत सेवाहाग्रीहरुका वाक्लो उपस्थित रहको थियो ।

कार्यकम्र संचालक लायन्स क्लव अफयुथ पोखराका सचिव नरेश पौडलाले गरेका थिए । सो कार्यक्रममा १० जना सेवाग्राहीले सेवा लिनु आउनु भएको थियो । कार्यक्रममा नशिुल्क थाइरोइड र सुगर परक्षिण सेवा प्राप्त गरिएको थियो ।


## शिक्षक आवश्यकता

यस श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडीमा तपसिल बमोजिमको राहत दरबन्दीको शिक्षक आवश्यक भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।
१. विज्ञापन नं.: २/२०८२ | २. विषय : विज्ञान
३. तह: नि.मा.वि., राहत | ४. पद संख्या : १ (एक)
५. आवश्यक शैक्षिक योग्यता : शिक्षा संकाय विज्ञान विषयमा +२ उत्तीर्ण गरेको र सम्बन्धित तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
६. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
७. तलब तथा सेवा सुविधा: नेपाल सरकारको प्रचलित नियमानुसार ।
८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू: नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रका प्रतिलिपी २/२ प्रति ।
९. दरखास्त दिने मिति: २०८२/०१/१० देखि २०८२/०१/२५ गतेसम्म
१०. दरखास्त दिने स्थान: श्री भगवती आधारभूत विद्यालय, पोखरा-२२, कालाबाङ घरेडी, कास्की
११. परीक्षाको किसिम लिखित र अन्तरवार्ता
१२. परीक्षा दस्तुर: रु.७५०/- (सात सय पचास रुपैयाँ)
१३. सम्पर्क मिति: २०८२/०१/२६ गते
१४. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
१५. सम्पर्क : ९८०४१९४०९९
*पुनश्चः शिक्षक सेवा आयोगवाट प्रकाशित करार सूचिमा रहेका उमेद्वारहरुले विज्ञापन प्रकाशित भएको मितिवाट ७ दिन भित्र दरखास्त दिनुपर्ने छ ।* अनुभवी लाई ग्राह्यता दिइनेछ ।
प्रधानाध्यापक
**श्री भगवती आधारभूत विद्यालय**
पोखरा-२२, कालावाङ घरेडी, कास्की


# पर्यटन विभागको फिल्ड कार्यालय स्थापना

**रासस**
काठमाडौं, ९ बैशाख

सगरमाथा आरोहणलाई व्यवस्थित र नियमन गर्न पर्यटन विभागले सगरमाथाको आधार शिविरमा फिल्ड कार्यालय स्थापना गरेको छ ।

विभागका निर्देशक लीलाधर अवस्थीले वसन्त ऋतुको सगरमाथा आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक समन्वयका लागि अस्थायी कार्यालय स्थापना गरिएको जानकारी दिनुभयो । विभागले अघिल्लो वर्षदेखि आरोहणलाई लक्षित गरी कार्यालय स्थापना गर्दै आएको छ । यसपटक पनि वसन्तयामको आरोहण अनुमगन, रिपोर्टिङ र समन्वयका लागि फिल्ड कार्यालय स्थापना गरिएको निर्देशक अवस्थीले बताउनुभयो । सरकारले सगरमाथा आरोहणका लागि हरेक समूहमा एक जना सम्पर्क अधिकृतसमेत खटाउने गरेको छ ।

फिल्ड कार्यालयले प्रभावकारी अनुगमनका साथै अनुमति प्रमाणीकरण, नियमन, रिपोर्टिङ प्रोटोकल, आपतकालीन समन्वय, मुद्दा समाधान, फोहर व्यवस्थापन निरीक्षणलगायत काम गर्नेछ । निर्देशक अवस्थीका अनुसार कार्यालयमा पाँच जना सम्पर्क अधिकृत रहनेछन् ।

यसमा विभागका दुई जना र नेपाल पर्वतारोहण सङ्घ र सगरमाथा प्रदूषण नियन्त्रण समितिका प्रतिनिधि रहनेछन् । साथै हिमालयन उद्धार सङ्घले स्वास्थ्य शिविर स्थापना गरेर प्राथमिक उपचारको व्यवस्था गर्नेछ । सगरमाथा आरोहणका लागि हालसम्म ३७ आरोही समूहका तीन सय ७४ जनाले अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जनाएको छ ।

# चराङ–छोसेर सडक धमाधम स्तरोन्नति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ बैशाख



उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत उपल्लो मुस्ताङको चराङ-छोसेर २५ किलोमिटर सडक स्तरोन्नति भइरहेको छ ।

विसं २०७५ मा निर्माण सम्पन्न भई आयोजनालाई हस्तान्तरण भइसक्नुपर्ने सो सडक निर्माण कम्पनीको ढिलासुस्ती र बेवास्ताका कारण स्तरोन्नति हुन सकेको थिएन ।

आर्थिक वर्ष २०७३/७४मा जोमसोम-कोरला ११० किलोमिटर ग्राभेल सडक सात खण्डमा विभाजन गरी स्तरोन्नति सुरु गरिएको थियो । सात खण्डमध्ये जोमसोम–भैते चार खण्ड र भैते–कोरला तीन खण्ड गरी सात खण्डको ११ मिटर चौडा ग्राभेल एकैसाथ ठेक्का लागेको थियो । दुई अर्ब छ करोड लागतमा ठेक्का लागेको सडकको सात खण्डमध्ये ६ खण्ड ग्राभेल भई सडक आयोजनालाई हस्तान्तरण भएको वर्षौं बितिसकेको छ ।

तामाङ–गौरी पावती, कोशी एन्ड न्यौपाने जेभीले ११ मिटर चौडा हुनेगरी २५ किलोमिटर चराङ–छोसेर सडक स्तरोन्नति गर्न रु २६ करोड लागतमा ठेक्का लिएको थियो । कम्पनीले ८० प्रतिशत भौतिक प्रगति गरी काम छाडेको थियो । काम नगरेपछि पटक/पटकको पत्राचार, ताकेता र कालोसूचीमा राख्ने जनाएपछि गत वर्षमा मात्रै ‘ज्वाइन्ट पार्टनर’ गौरी पार्वतीले कालो सूचीबाट जोगिन चराङ्-छोसेर सडक निर्माण सुरु गरेको हो । चालु आर्थिक वर्षको असारभित्रै आयोजनालाई सडक हस्तान्तरण गर्ने गरी अधुरो सडक स्तरोन्नति भइरहेको गौरी पावती कन्स्ट्रक्सनका साइट इञ्चार्ज विष्णु अर्यालले जानकारी दिनुभयो । अर्यालका अनुसार चराङको भिर काट्ने काम तीन दिनभित्र सम्पन्न हुने र अन्य स्थानमा काम सकिएको छ । सडकको ९३ प्रतिशत भौतिक प्रगति भइसकेको र चराङ बजारभित्र करिब एक किमी सडकमा सडक ग्राभेल गर्न बाँकी रहेको उहाँले बताउनुभयो ।

सडक आयोजनाका प्रमुख ध्रुव भ्फाले चराङ–छोसेर सडकको ग्राभेल ठेक्का चालु वर्षको असारभित्रै सम्पन्न हुने दाबी गर्नुभयो । योसँगै जोमसोम–कोरला ११० किमी ग्राभेल सडक पूरा हुने आयोजना प्रमुख भ्फाले जनाउनुभयो । जोमसोम–कोरला ग्राभेल सडकअन्तर्गत आयोजनाले चालु आर्थिक वर्षको असोजमा जोमसोम–कागबेनी १३ किमी दूरीमा कालोपत्रविस्तार गरिसकेको छ । यसैगरी, चालु आर्थिक वर्षमा कागबेनीदेखि छुसाङसम्मको करिब १० किलोमिटर ग्राभेल सडकमा कालोपत्र गर्ने नयाँ ठेक्का आयोजनाले खुलाएको छ । यसका लागि १० करोड बजेट विनियोजन भइसकेको छ ।